नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौं, पुस २५ गते २०६६ साल (अतिरिक्ताङ्क ४२(क)

भाग ५

संविधानसभा सचिवालयको सूचना

संविधानसभामा प्रतिनिधित्व रहेको एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले संविधानसभाका माननीय सदस्य श्री मातृकाप्रसाद यादव र माननीय सदस्य श्री जगतप्रसाद यादवले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६७ को खण्ड (घ) बमोजिम एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) मा संगठित नरही दल त्याग गरेकोले निजहरूको संविधानसभामा स्थान रिक्त भएको घोषणा गरी दिन संविधानसभा नियमावली, २०६५ को नियम १४१ को प्रक्रिया पूरा गरी दिनु भएको सूचनाका आधारमा संविधानसभाका सम्माननीय अध्यक्षले मिति २०६६।९।२५ गतेको संविधानसभाको बैठकमा संविधानसभा नियमावली, २०६५ को नियम १४३ बमोजिम निजहरूको स्थान रिक्त रहेको जानकारी गराउनु भएको हुँदा संविधानसभामा स्थान दुई रिक्त हुन गएकोले संविधानसभा नियमावली, २०६५ को नियम १३४ को उपनियम (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

मनोहरप्रसाद भट्टराई

संविधानसभाका कार्यवाहक महासचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल राजपत्र

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।